वैठक सं. ६७
२०८०-१२-२६

**निर्णयहरु:**

१. मिति २०७८ चैत्र १० गतेको ४६ औं सचिव वैठकबाट "सम्वत् २०७९ वैशाख १ गते देखि प्रदेशस्थित सबै मन्त्रालय, सचिवालय, आयोग र तत् निकाय मातहतका जिल्लास्थित सबै कार्यालयमा अनिवार्य रुपमा विद्युतीय हाजिरी प्रणालीको सुरुवात गरी कार्यान्वयन गर्ने" भनी निर्णय भएको र तत्पश्चातका सचिव बैठकहरूमा समेत सो निर्णय कार्यान्वयनका लागि निर्देशन दिइएको र केही कार्यालयहरूले हालसम्म पनि विद्युतीय हाजिरी प्रणाली प्रयोगमा नल्याएको सन्दर्भमा प्रदेश मन्त्रालय र मातहतका सम्पूर्ण कार्यालयहरूमा सम्वत् २०८१ बैशाख १ देखि अनिवार्य रूपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याउनका लागि सम्बन्धित मन्त्रालय/ निकायहरूलाई निर्देशन दिने । साथै, मातहतका कार्यालयको हाजिरी विवरण मन्त्रालय वा तालुक निकायबाट समेत हेर्न मिल्ने गरी Integrated Electronic Attendance प्रणाली सुरुवातका लागि आवश्यक कारवाही अगाडि बढाउने ।

२. चालु आर्थिक वर्षको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगतिका सम्बन्धमा समिक्षा गरियो । यसै सन्दर्भमा बार्षिक बजेट तथा कार्यक्रम लक्ष्य अनुसारको भौतिक तथा वित्तीय प्रगति हासिल गर्ने गरी कार्य सम्पादनमा जोड दिन सबै मन्त्रालय / निकायलाई निर्देशन दिने ।

३. आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको सन्दर्भमा सबै मन्त्रालय/निकायले आ-आफ्नो मन्त्रालय/निकायका विवरणहरु तयार पारी तोकिएको समयमै उपलब्ध गराउने व्यवस्था मिलाउने ।

४. महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार प्रदेशमा वेरुजुको मात्रा बढ्दै गएको देखिएको सन्दर्भमा सबै मन्त्रालय/निकायले आफ्नो र मातहतका निकायमा आगामी दिनमा बेरुजु हुनै नदिने गरी आर्थिक कृयाकलापहरु सञ्चालन गर्ने । साथै बेरूजुको विवरण अद्यावधिक गरी बेरूजु फछ्र्यौट सम्बन्धी कार्यलाई उच्च प्राथमिकता दिई बेरूजु फछ्र्यौट कार्ययोजना तयार गर्ने र सोही अनुसार प्रगती हासिल हुने व्यवस्था मिलाउने ।